Ref:

## जानका साधारण सभा, बैठकमा गणपुरक संख्या गणनाको लागी सदस्यता बर्गिकरण सम्बन्धी जरुरी सुचना

## निष्क्रिय सदस्यको नामावली

जानको विधानको परिच्देद २ को दफा ९क. मा भएको व्यवस्था बमोजिम जानका सदस्यहरुको यस अघि भएका लगातार तीन वार्षिक साधारण सभा (२०७५, २०७६ र २०७७) मा रहेको सदस्यहरुको उपस्थितिको आधारमा सक्रिय र निष्क्रिय सदस्यहरुको वर्गिकरण गरिएको छ।

जानको ४७ औं वार्षिक साधारण सभाबाट पारित भई स्थानीय अधिकारीबाट स्वीकृत जानको विधान (सातौं संशोधन, २०७८) बमोजिम वि. सं. २०७४ साल पछि वा आफुले सदस्यता लिए पछि भएका एशोसियसनका पछिल्ला लगातार तीन साधारण सभा मध्ये कम्तिमा एउटा साधारण सभामा पनि उपस्थित नभएका साधारण तथा आजीवन सदस्यहरु निष्क्रिय सदस्य मानिने र विधानको यहि व्यवस्था अनुसार हरेक वर्षको असार मसान्तमा साधारण सभामा भएको सदस्यहरुको उपस्थितिको आधारमा सदस्यता वर्गिकरण गरी प्रकाशन गरिने छ।

जानको विधानमा भएको व्यवस्था र कार्यसमितिको मिति २०७८/५/८ को बैठकको निर्णय अनुसार निष्क्रिय सूचीमा रहेका सदस्यले सक्रिय सदस्यताको लागि रु. १००/- (एक सय) दाखिला गरी यसमा संलग्न फर्मेट अनुसारको लिखित निवेदन दिई साधारण सभामा उपस्थित भएमा सक्रिय सदस्यमा परिणत गर्न सकिने सम्बन्धित सदस्यहरुको जानकारीको लागि सुचित गरिन्छ।

संलग्न सक्रिय/निष्क्रिय सूची हेरी निष्क्रिय सूचीमा रहेको भए तोकिएको प्रक्रिया पुरा गरी सक्रिय सदस्य भई दिनु हुन र हाल सक्रिय सूचीमा रहेका सदस्यहरुले समेत नियमित रुपमा आगामी साधारण सभाहरुमा उपस्थिति जनाई सक्रिय सदस्य कै रुपमा रहि दिनु हुन अनुरोध छ।

२०७८/५/११

शान्तिलक्ष्मी शाक्य
महासचिव

डा. रामचन्द्र भुसाल
अध्यक्ष